विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी पर्वत
गण्डकी प्रदेश, नेपाल


पत्र संख्या :०७७/०७८
चलानी नं. :-

मिति :२०७७।०५।१५

# विहादी गाउँपालिकाको कोभिड १९ रोकथामको लागि अत्यन्त जरुरी सूचना !

कोभिड १९ को बढ्दो संक्रमणबाट जनस्वास्थ्यमा पर्न सक्ने गम्भिर असरलाई मध्यनजर गरी कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणको सन्दर्भमा विहादी गाउँपालिका स्तरिय विपद् व्यवस्थापन समितिको मिति २०७७।०५।१५ को निर्णयानुसार आगामि दिनहरुमा समुदाय स्तरमा संक्रमण फैलिनबाट रोक्न अझ सतर्क, सचेत र स्वास्थ्य सुरक्षाका मापदण्डहरुलाई कडाईका साथ पालना गर्ने गराउने तथा जिल्ला संकट व्यवस्थापन समन्वय समितिको मिति २०७७।०५।१५ गतेको निर्णय कार्यान्वयनको लागि सम्बन्धित सवैमा अनुरोध गरिन्छ । साथै जिल्ला संकट व्यवस्थापन समन्वय समितिको निर्णय प्रतिलिपि यसैसाथ संलग्न गरिएको छ ।

कमल प्रसाद भुसाल
अध्यक्ष

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कुस्मा, पर्वत

<u>निर्णयहरु</u>

पर्वत जिल्लामा बारम्बार विभिन्न कामले बढि मानिसहरु आवतजावत गर्ने बाग्लुङ, कास्की, स्याङ्जा, काठमाण्डौं र तराईका केही जिल्लाहरु लगायतमा कोभिड १९ को संक्रमण तीव्रगतिमा फैलिरहेको अवस्था रहेको छ। अत: यस जिल्लामा अन्य जिल्लाबाट आउने मानिसहरुको आवतजावतलाई नियन्त्रण नगर्ने हो भने यस जिल्लामा पनि संक्रमण फैलिन सक्ने संभावना रहेको र समय समयमा मानिसहरुको आवतजावतलाई नियन्त्रण गर्दा कोभिड १९ को संक्रमण बढ्न नदिन सहयोग पुग्ने चिकित्सकको भनाइ समेतलाई दृष्टिगत गरी जिल्ला संकट व्यवस्थापन समन्वय समिति (DCCMC) ले देहायका निर्णय गरी आज २०७७ भाद्र १५ गते राती १२ बजेबाट लागु गर्ने निर्णय गरियो ।

२. यस जिल्लाभित्र प्रवेश गर्ने सबै सीमानाकाहरुमा चेकजाँच कडा गर्ने ।

४. विरामी, काजक्रिया, अत्यावश्यक सेवा र पास वा अनुमती लिएको व्यक्ति वा सवारी साधन बाहेक अन्यलाई जिल्ला प्रवेशमा रोक लगाउने ।

३ जिल्ला सञ्चालन हुने सबै भाडाका सवारी साधनहरु हाल १ हप्तासम्मलाई सञ्चालनमा रोक लगाउने ।

४ अन्य जिल्लाबाट यस जिल्लामा कुनै व्यक्ति लुकिछिपी वा विना अनुमिति आएको पाइएमा त्यस्ता व्यक्तिले पालिकाले भनेको स्थान वा क्वारेन्टिनमा कम्तिमा ७ दिन वस्ने र खर्च स्वयमले व्यहोर्ने ।

५ बचत तथा ऋण सहकारी संस्थाका कर्मचारीहरु कामको सिलसिलामा घर घर जानुपर्ने हुदा यसबाट कोभिड १९ को संक्रमण फैलिने सभावना भएकोले हाललाई उनीहरुको काम रोक्न पालिकालाई लेखि पठाउने ।

६ यस जिल्लामा अन्येत्रबाट कोहि लुकिछिपि वा विना अनुमति आएको पाइएमा सम्वन्धित वडा वा पालिका वा नजिकको प्रहरीमा जानकारी दिन सबैमा अनुरोध गर्ने ।

शम्भु प्रसाद रेग्मी
प्रमुख जिल्ला अधिकारी